# ताप्ली गाउँपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७९

ताप्ली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपाटार,उदयपुर

# ताप्ली गाउँपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७९

**प्रस्तावना :**

पशुपन्छी व्यवसाय ताप्ली गाउँपलिकाको आर्थिक विकास क्रियाकलापको महत्वपुर्ण अंगको रुपमा रहेको छ | ताप्ली गाउँपालिकामा पशुपन्छी व्यवसायलाई थप व्यवसायिक,उत्पादन लागत घटाउन यान्त्रिकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउंदै लैजान जरुरी छ |ताप्ली गाउँपालिकाबात संचालन गरिने पशु सेवा कार्यक्रमहरुलाई प्रभावकारी, पारदर्शी जवाफदेही,उत्तरदायी एवं गुणस्तरयुक्त रुपमा कार्यान्वयन गर्न ताप्ली गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२(२) को व्यवस्था अनुरुप **"ताप्ली गाउँपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७९"** जारी गरेको छ |

## परिच्छेद -१

### १.संक्षिप्त नाम र प्रारम्भ

क.यस कार्यविधिको नाम **"ताप्ली गाउँपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७९"** रहेको छ |

ख.यो कार्यविधि ताप्ली गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ |

ग.यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ |

२.**परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा :

क. गाउँपालिका भन्नाले ताप्ली गाउँपालिकालाइ जनाउने छ |

ख. कार्यपालिका भन्नाले ताप्ली गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ |

ग. अध्यक्ष भन्नाले ताप्ली गाउँपालिकाको अध्यक्षलाइ जनाउने छ |

घ.उपाध्यक्ष भन्नाले ताप्ली गाउँपालिकाको उपाध्यक्ष जनाउने छ |

ङ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ जनाउने छ |

च. आर्थिक विकास समिति भन्नाले ताप्ली गाउँपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ|

छ. शाखा भन्नाले ताप्ली गाउँपालिकाको पशु सेवा शाखालाइ जनाउने छ |

ज. शाखा प्रमुख भन्नाले ताप्ली गाउँपालिकाको पशु सेवा शाखा प्रमुखलाइ जनाउने छ |

झ. मुल्यांकन समिति भन्नाले यस कार्यविधि अनुसूची -१ बमोजिम गठन भएको मुल्यांकन समितिलाइ जनाउने छ |

यं. प्रादेशिक मन्त्रालय भन्नाले प्रदेश न १ स्थित कृषि मन्त्रालयलाइ जनाउने छ |

ट. प्रादेशिक निर्देशनालय प्रदेश न १ स्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशानालयलाइ जनाउने छ |

## ३.उद्देश्य

क. गाउँपालिकाबाट संचालन हुने पशु सेवा कार्यक्रम कार्यान्वयन प्रकियालाई सरल,सहज,प्रभावकारी,पारदर्शी एवं गुणस्तरयुक्त बनाउने |

ख.पशुपन्छी व्यवसायलाई दिगो,मर्यादित,प्रतिस्पर्धी एवं उत्पादनमुलक बनाउने |

ग. अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रक्रियालाई सरल र वैज्ञानिकयुक्त बनाई निस्पक्ष र पारदर्शी बनाउने |

घ. सेवा प्रवाहको प्रक्रियालाइ सरल,निस्पक्ष र प्रणालीयुक्त बनाउने |

ङ. पशु स्वास्थ्य तथा रोग निदान प्रक्रियालाई गुणस्तरीय बनाउने |

छ. लाभग्राहीहरुको छनौट प्रक्रियालाई स्पस्ट र पारदर्शी बनाउने |

## परिच्छेद; २

## कार्य संचालन प्रक्रिया

**४. बाख्रा तथा बंगुर पकेट कार्यक्रम कार्यान्वयन प्रकिया; कार्यक्रमहरु देहाय बमोजिम संचालन गरिनेछ ।**

### बाख्रा तथा बंगुर पकेट क्षेत्रका आधारहरु

- भौगोलिक तथा वातावरणीय हिसाबले बाख्रा/बंगुर पालेको हुनुपर्नेछ ।
- तुलनात्मक हिसाबले बाख्रा तथा बंगुरको संख्या बढी हुनुपर्ने ।
- बाख्रा/बंगुरपालन संलग्न कृषकहरुको बाहुल्यता रहेको हुनुपर्ने छ ।
- घाँस खेतिको सम्भावना भएको हुनपर्नेछ ।
- व्यावसायिक बाख्रापालन/बंगुरपालन बिस्तारको सम्भावना रहेको हुनु पर्नेछ ।
- कार्यक्रम प्रति कृषकहरुको सुझाव र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको ।
  - इच्छुक कृषक समितिमा आवद्ध प्रत्येक कृषकले बाख्राको हकमा कम्तिमा १० माउ बाख्रा र बंगुरको हकमा ३ माउ बंगुर हुनपर्नेछ ।

(१)सम्बन्धित कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम मुताविक अनुसूची-१ बमोजिमको १५ दिने सार्वजनिक सुचना स्थानीय एफ.एम र पत्रिका मार्फत जारि गरि वा गाउँपालिका स्थित सरकारी निकायहरुमा टाँस गरि प्रस्ताव आव्हान गर्नेछ ।

(२) सूचनामा उल्लेख भए मुताविक कार्यक्रम संचालनका लागी उपयुक्त र इच्छुक प्रस्तावकहरुले अनुसूची-२बमोजिमको आवेदन,अनुसूची-३ बमोजिमको व्यवसाय योजना,अनुसूची-४ बमोजिमको लागत साझेदारी प्रतिबद्धता-पत्र,अनुसूची -५बमोजिम स्व-घोषणा कागजातहरु संलग्न राखी निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(३) दफा ४ को उपदफा(१) मुताविकको सुचनाका आधारमा निर्धारित समय भित्र प्रयास प्रस्तावना दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रीत नपुगी वा म्याद नागी प्राप्त हुन आएको प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

(५) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट ,फिल्ड भेरिफिकेशन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मुल्यांकन तथा सिफारिस समिति रहने छ ।

## अनुदान प्रस्तावनाहरुको मुल्यांकन तथा अनुगमन समिति

सयोंजक ; ताप्ली गाउँपालिका उपाध्यक्ष -१ जना

सदस्य ; आर्थिक विकास समितिको सयोंजक/ सदस्य -१ जना

सदस्य ; प्रमुख प्रशासकीय अधिकृत - १ जना

सदस्य ; कृषि शाखा प्रमुख -१ जना

सदस्य-सचिव पशु सेवा शाखा प्रमुख - १ जना

मुल्यांकन समितिले आवश्यक ठहर्याएको खण्डमा बढीमा २ जनासम्म विज्ञलाई मुल्यांकन प्रक्रियामा आमन्त्रण गर्न सक्नेछन |

(६) प्रस्ताव मुल्यांकन तथा सिफारिस समितिले आवश्यक ठानेमा रितपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट सहितको सुची पेश गर्नको लागि कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ |

(७) प्रस्ताव मुल्यांकन तथा सिफारिस समितिले अनुसूची -६ बमोजिम फिल्ड भेरिफिकेसन गर्नेछ | साथै आवश्यक ठानेमा समिति स्वयंले समेत सिफारिस पुर्व स्थलगत निरिक्षणगर्न सक्नेछ |

(८) प्रस्ताव मुल्यांकन तथा अनुगमन समितिले फिल्ड भेरिफिकेसन गरेर कृषि विकास समिति समक्ष पेश गर्नेछ |

(९) सम्बन्धित कार्यालय प्रमुखको स्वीकृत पश्च्यात छनौट भएका र वैकल्पिक छनौटमा परेका प्रस्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकी सम्बन्धित कार्यालयको सूचना टाँस गरिनेछ |

**५. सम्झौता :**

(१) स्वीकृत प्रस्तावका आवेदन संग सम्बन्धित कार्यालयले अनुसूची-७ बमोजिमको दिपक्षिय सम्झौता गरि कार्यक्रम संचालन गर्न सक्नेछ |

(२) तोकिएको अवधि भित्र दिपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ |

(३) सम्झौताको गर्ने म्यादको अवधि कम्तिमा सात(७) दिनको हुनेछ र यती छनौट भएका प्रस्तावकहरुले उक्त म्याद भित्र आउन नसकेमा उपयुक्त कारण खुलाई सम्झौताको म्याद थप गर्नको लागि कार्यालय प्रमुख समक्ष म्याद थप को लिखित निवेदन दिनु पर्नेछ ।

(४) दिपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

**६. अनुदान प्रवाहका शर्तहरुः**

(१)प्रस्ताविक कार्यक्रमको लागि योग्यता पुगेको संस्थागत प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिमको निकायमा विधिवत दर्ता भएको हुनु पर्दछ ।

(२)विगत ३ वर्ष भित्र कृषि मन्त्रालय वा मातहातका निकाय एवं संघिय सरकार अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा मातहातका निकायहरुबाट समान प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पुनःअनुदानका लागि योग्य मानिने छैन ।तर अपुरो निर्माण कार्य वा कार्यक्रमलाइ पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पुनः अनुदान प्रदान गर्न वाधा पर्ने छैन ।

(३) साझेदारले मेसिनरी,उपकरण,दुवानीको साधन र अन्य विशिष्टकृत सामानहरु खरिद गर्दा वा सो को स्पेसिफिकेसन, कोटेशन र निर्मित कम्पनी/फर्म आदिको विवरण सम्बन्धित कार्यालयमा पेश गरि पुर्व स्वीकृत लिएर खरिद गर्नु पर्नेछ । साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार आधिकारिक भ्याट/प्यानमा दर्तावाल व्यावसायिक फर्मले जारि गरेको विल बिजक पेश नगरेको खण्डमा सम्बन्धित कार्यालयले सम्झौता मुताविकको रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(४) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा १० वर्षसम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(५) निजको जग्गामा कार्यक्रम संचालन हुने भएमा सम्बन्धित जग्गा धनि संग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

(६) कार्यक्रम संचालन गर्न सामाजिक, वातारणीय,प्राविधिक,वितिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।

(७) अनुदानको लागि प्रस्ताव पेश गर्ने संगठित संस्थाको हकमा नियामानुसार सरकारी निकायमा दर्ता भएको,चुक्ता गरेको,स्थायी लेखा नम्बर प्राप्त गरेको,नियमित लेखा परिक्षण भएको र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

(८) अनुदान रकमको दुरुप्रयोग भएको पाइएमा त्यस्ता अनुदानाग्रहिबाट प्रचलित कानुन बमोजिमको सरकारी बाँकी सरह रकम असुली र कारवाही हुनेछ ।

(९) कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्दा साझेदारी बजेट रु १० लाखसम्म वा सो भन्दा बढी भएको अवस्थामा व्यवसयिक कार्य योजना पेश गर्नु पर्नेछ ।

(१०) प्रस्तावकले लागतको कम्तिमा २५/५० प्रतिशत वा कृषि विकास समितिको निर्णय बमोजिम लागत साझेदारी गरेको हुनु पर्नेछ ।

(११) अनुदानमा स्थापना भएको उपकरण,भौतिक संरचना र सामाग्रीहरु अन्य कार्यमा प्रयोग गर्न पाइने छैन ।

**७. भुक्तानी प्रकिया :**

(१) सम्बन्धित साझेदारले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरि भौतिक निर्माणको लागि नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार परेको रंनिग विल, मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन तथा नयको हकमा कोटेशन,विल बिजक,दाखिला प्रतिवेदन एवं फोटोग्राफ आदि कागजात संलग्न राखी भुक्तानीका लागि अनुरोध गरे पश्चयात सम्बन्धित कार्यालयले स्थलगत निरिक्षण गरि मनासिव ठहरेमा रनिग विलको आधारमा सम्पाना भएको कामको भुक्तानी दिनेछ ।

(२) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम संचालनका लागि प्रदान गरिने अधिकतम अनुफ्दान रकमको सीमा तोकिनेछ साथै कार्यक्रम ५०:५० देखि ७५;२५ सम्मको लागत साझेदारी संचालन हुनेछ| अर्थात यस ताप्ली गाउँपालिकाले प्रधान गर्ने अनुदान रकमलाई कार्यक्रम संचालन लगात्को ७५%सम्म बराबर मणि बाँकी २५% सम्म रकम सम्बन्धित साझेदार स्वयंले व्यहोर्ने पर्नेछ ।

(३) भुक्तानी गरेनी रकमबात कन्टिनजेन्सी वापत र नियामानुसारका कर कट्टा गरि बाँकी रकम उपलब्ध गराइनेछ ।

(४)ताप्ली गाउँपालिकाले साझेदारसंग दिपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो को रकमको भुक्तानी कसरि गरिनेछ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

(५)सामान्यतया; अनुदान रकमको भुक्तानी कार्य सम्पादनको आधारमा बढीमा दुइ किस्तामा गरिनेछ |तर रु १ लाख सम्मका अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकै किस्तामा साझेदारको बैंक खाता मार्फत हुनेछ|

**८. कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्व :**

(१)कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता,अनुगमन र भुक्तानी सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ |

(२) सम्झौता मुताविक कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखी सम्पन्नी गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ |

(३)साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवासम्बन्धी कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त खरिद गर्न सकेनछ |

(४) अनुदानग्राहिले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ |

**९.अनुगमन र मुल्यांकन :**

(१) आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरुबात र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मुल्यांकन गर्न सकिनेछ |

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन भए/नभएको ताप्ली गाउँपालिका पशु सेवा शाखाले नियमित अनुगमन गर्नेछ |

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र येसरी दिइएका निर्देशन पालना गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ |

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिंग वोर्ड तयार गरि अनुदान प्राप्त रकम,कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ |

## परिच्छेद -३

## बोयर बोका वितरण कार्यक्रम

**१०.सक्रिय कृषि तथा पशुपन्छी फर्ममा बोयर बोका वितरण कार्यक्रम :**

आय-आर्जन रोजगारी सिर्जना र गरिवी न्यूनीकरण सन्दर्भमा बाख्रापालन व्यवसायको महत्वपुर्ण स्थान रहेको छ |विगतमा समेत मासु उत्पादनका लागि उपयुक्त मानिएको उच्च उत्पादकत्व युक्त विदेशी नश्लका बाख्राहरु आयतगरि स्थानीयजातका बाख्राको उत्पादन र उत्पादकत्व अभिव्रिद्वीका लागि जातीय सुधारका प्रयासहरु हुँदै आएकोमा पछिल्ला केहि वर्ष यता बाख्रापालक कृषकहरु माझ बोयर जातको बाख्राको लोकप्रियता अप्रत्याशित रुपले बढेको छ |बाख्राको नश्ल सुधार गरि उत्पादकत्व व्रिधि गर्न तथा व्यवसायीकरणमा टेवा पुर्याउने हेतुले ताप्ली गाउँपालिकाले बोयर जातका बाख्राको व्याड़ बोका वितरण कार्यक्रम संचालनमा ल्याएको छ|

(१) कार्यक्रम संचालन प्रकिया

(क) सम्बन्धित कार्यालयले बोयर बोका वितरण कार्यक्रम संचालन गर्नका लागि बार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको दफा १३ को उपदफा १ ग को (१) देखि ९ सम्मका प्रावधानहरु अवलम्वन गर्नेछ |

(ख) कृषक समूह/समिति/सहकारीको हकमा प्रति कृषक कम्तिमा ५ वटा माउ बाख्रा भएको १५ घरधुरी बीच एउटा बोयर बोका वितरण गर्न सकिनेछ |

(ग) उक्त कृषक समूह/समिति/सहकारीले यो कार्यविधिको दफा ४ को उपदफा २ र ३ को शर्तहरु पालना गर्नु पर्नेछ |

(घ) यस कार्यक्रम अन्तर्गत प्रजननको लागि निम्न गुण भएको व्याडको ब्यार बोका खरिद गर्नुपर्नेछ |

(१) दुइ वा दुइ भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान भएको

(२) बोकाको माउको र बाउको बीच नाता नभएको

(३) राम्रो दुध दिने मु बत जन्मेको

(४) जातीय गुण प्रस्ट देखिने

(५) दुवै अन्डकोष राम्रो संग विकास भएको र समान आकार प्रकार भएको |

(६) फुर्तिलो,दानापानी रुचाएर खाने ,छाला,रौं सफा र चम्किलो, उमेर अनुसार शारीरिक व्रिधि भएको |

(७) चौडा छाती, बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको शरीर भएको ।

(८) प्रजनन सम्बन्धि रोग तथा अन्य रोगहरुबाट मुक्त रहेको ।
कम्तिमा ६ महिना उमेर पुगेको र ३० किलो शारीरिक तौल भएको ।

## परिच्छेद-४

### ११. डिपिंग ट्यांक निर्माण तथा टेर्विस निर्माण

बाहिरी परजीवीको कारण बाखाको ब्रिधि विकासमा उत्पादन र स्वास्थ्य प्रभावित हुनु अगावै बाखापालन व्यवसायबाट प्राप्त हुने आर्थिक लाभ समेत ह्रास हुन पुग्दछ ।यसर्थ बाखाको जातीय क्षमता बमोजिमको उत्पादन तथा उत्पाकत्व प्राप्त गर्न बाहिरी परजीवीको नियन्त्रण अत्यावश्यक देखिन्छ ।पशु उपचार तथा पशुलाइ सेवा गर्न पशुलाई पहिला काबुमा ल्याउनु पर्ने हुन्छ ।यसै तथ्यलाइ मनन गर्दै ताप्ली गाउँपालिकाले डिपिंग ट्यांक र टेर्विस निर्माण कार्यक्रम अघि बढाएको छ

१.कार्यक्रम संचालन प्रकिया

क. यस डिपिंग ट्यांकी र टेर्विस निर्माणको स्थल छनौट यस ताप्ली गाउँपालिकाको कृषि विकास समितिको निर्णय बमोजिम हुनेछ ।

ख. यस कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयले प्रदान गर्ने रकम डिपिंग ट्यांक र टेर्विस को भौतिक निर्माणमा मात्र खर्च गर्नु पर्नेछ ।

ग.यस कार्यक्रमको लागि सम्पूर्ण काम पशु सेवा शाखा स्वयंले प्राविधिकको इस्टमेट बमोजिम गर्नेछ ।

घ.यस कार्यक्रमको लागि काम सुरु गर्नु भन्दा अगावै कुल बजेटको ३५% पेस्की रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद -५

### १२.कोशे तथा अकोशे घाँस संरक्षण तथा वितरण संचालन

पशुपालन क्षेत्रको व्यावासहिकरण मध्यमबात एकतार्फा दुध र मासुको उत्पादन र उत्पादकत्व व्रिधि गर्नुपर्ने अवस्था छ भने अर्कातर्फ  व्यावसायिक दिगोपनाको लागि प्रतिस्पर्धामक क्षमताको विकास र लगात मूल्य न्युनिकरण पनि हाम्रो सन्दर्भमा उतिकै महत्वपूर्ण छ ।

**(१)हिउँदे/बर्षे/बहुवर्षे घाँसको विउ/बेर्ना/सेट्स वितरण कार्यक्रम संचालन प्रक्रिया**

(क)पशुपालनमा आवद्द व्यावसायिक कृषक समूह/समिति/सहकारी,कम्पनी,फर्म र निजि उधमिहरुलाई बार्षिक स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रही नि;शुल्क वितरण गर्नुपर्नेछ ।

(ख) सार्वजानिक खरिद ऐन २०६३ तथा सार्वजानिक खरिद नियमावली २०६४बमोजिमको खरिद प्रक्रिया अपनाइनेछ ।

## परिच्छेद-६

### अनुदान तथा लागत साझेदारी

**१३.पलेट दाना बनाउने मेसिन उपकरणमा ५०% अनुदान कार्यक्रम**

१. फर्म/व्यवसाय दर्ता गरेको प्रमाण-पत्र

२. नेपाली नागरिकताको प्रमाण-पत्र

३.आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण- पत्र

४.कालो सुचिमा नपरेको स्व-घोषणा पत्र

५. सम्बन्धित वडा कार्यालयको सिफारिस

६. रु १० को टिकट सहित अनुसूची -२ बमोजिम निवेदन

७.कार्यक्रम संचालन प्रकिया

क)प्रस्ताव आव्हान गरिसकेको १५ दिन भित्र माथि उल्लेखित सम्पूर्ण कागजात सहिट रितपूर्वक आवेदन दिनुपर्नेछ

ख)दर्ता भएको सम्पूर्ण आवेदन मुल्यांकन समितिबाट मुल्यांकन गरि कृषि विकास समितिसमक्ष पेश गरिनेछ|

ग)मुल्यांकनका आधारमा कृषि विकास समितिले प्रस्तावक मध्ये  सिमित आवेदन छनौट गर्नेछ|

घ)यस ताप्ली गाउँपालिकाको खरिद समिति मार्फत दाना बनाउने उपकरणको लागि सार्वजनिक खरिद ऐन २०६३,र नियमवाली २०६४ बमोजिम दररेट पेश गर्न प्रस्ताव आव्हान गरिनेछ|

ङ)ताप्ली गाउँपालिकाको खरिद समितिले प्रस्तावित दररेट मध्ये कम दररेट भएको प्रस्ताव स्वीकृत गर्नेछ |

च)स्वीकृत दररेटको आधारमा यस कार्यविधिको दफा १३ को उपदफा ७ (ग) बमोजिम छनौट भएको प्रस्तावकहरुलाई सम्झौता गराइन्छ |सम्झौता गर्दा दोस्रो पक्षले दररेटका आधारमा आफुले व्यहोर्ने ५०%अनुदान रकम पहिला नै जम्मा गरि सक्कल भौचर उपलब्ध गर्नुपर्नेछ |

## परिच्छेद -७

### १४. विभिन्न दिवस,सिविर,मेला महोत्सव तथा कृषक अवलोकन भ्रमण

कृषि तथा पशुपन्छीपालन क्षेत्रमा कृषि प्रसारको अहम भूमिका हुन्छ| ताप्लीको समग्र कृषि क्षेत्रको दिगो विकासको लागि यस ताप्ली गाउँपालिकाको कृषि विकास शाखा र पशु सेवा शाखाले दिवस,सिविर,मेला महोत्सव तथा कृषक अवलोकन भ्रमण अवलम्बन गर्दै आएको छ| यस परिच्छेद बमोजिमको कार्यकक्रम संचालनको लागि तपशिल बमोजिमको समिति गठन गरिनेछ |

क)प्रमुख प्रशासकीय अधिकृत -   सयोंजक

ख) प्रशासन अधिकृत -        सदस्य

ग)आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

घ)जिन्सी शाखा प्रमुख          - सदस्य

ङ)योजना शाखा प्रमुख - सदस्य

च) प्रतिनिधी आर्थिक विकास समिति -सदस्य

छ) प्रतिनिधि कृषि विकास समिति - सदस्य

ज) कृषि विकास शाखा प्रमुख - सदस्य

झ) पशु सेवा शाखा प्रमुख - सदस्य -सचिव

१.कृषि पर्दशनी मेला

ताप्ली गाउँपालिका, कृषि तथा पशु सेवा शाखाले प्रविधि हस्तान्तरण गर्न गराउन यो मेलाको आयोजना गर्नेछ |यो कार्यक्रम ताप्ली गाउँपालिका कृषि विकास शाखा र पशु सेवा शाखाले सयुंक्त रुपमा संचालन गर्नेछ |यो मेला संचालन गर्न कृषि विकास शाखा र पशु सेवा शाखाले बजेट सिमा भित्र रही लागत अनुमान पारित गरि यस कार्यविधिको दफा १४बमोजिम गठित समिति मार्फत गाउँ कार्यपालिकाबात स्वीकृत गराई संचालन गर्न सक्ने छ |

२.कृषक अवलोकन भ्रमण

ताप्ली गाउँपालिका कृषि विकास शाखा र पशु सेवा शाखाले गाउँपालिका भित्र कृषि र पशुपालन व्यवसाय गरि बसेका उत्कृस्ट कृषक वा व्यवसायीहरुलाई नयाँ नयाँ ज्ञान,शिप,अवलोकन गरि प्रविधि हस्तान्तरण गर्न गराउन यो कार्यक्रम संचालन गर्न सक्नेछ| प्रचलित खरिद ऐनको सिमा भित्र रही लागत अनुमान तयार गरि यस कार्यविधिको दफा १४ बमोजिम गठित समिति मार्फत कार्यपालिकाबाट स्वीकृत गराई संचालन गर्न सक्ने छ |

३. भेटेरिनरी क्षेत्रमा पर्ने विभिन्न दिवसहरुमा जनचेतनामुलक कार्यक्रम संचालन

पशु सेवामा थप आधुनिकरण ल्याउन र कृषकहरुमा जनचेतना फैलाउनका लागि ताप्ली गाउँपालिका पशु सेवा शाखाले यो कार्यक्रम आयोजना गर्नेछ| विश्व रेविज दिवस,भेटेरिनरी दिवसको अवसरमा यो कार्यक्रम संचालन गरिनेछ | प्रचलित खरिद ऐनको सिमा भित्र रही लागत अनुमान तयार गरि यस कार्यविधिको दफा १४ बमोजिम गठित समिति मार्फत कार्यपालिकाबाट स्वीकृत गराई संचालन गर्न सक्ने छ |

## परिच्छेद -८

### पशुपन्छी सेवा लागि औषधि तथा खोप व्यवस्थापन

**१५.बाहिरि तथा भित्रि परजीवी नियन्त्रण तथा औषधि खरिद**

क) पशु सेवा शाखाले पशुको भित्रि बाहिरी परजीवी नियन्त्रण गर्नका लागि र पशुको उपचारको लागि आवश्यक पर्ने औषधिहरु खरिद गर्नेछ ।

ख) पशु सेवा शाखाले आवश्यक पर्ने औषधिहरुको माग फारम भरि खरिद समिति मार्फत पेश गर्नेछ ।

ग)खरिद समितिले स्वीकृत गरे पश्च्यात सर्वार्जनिक खरिद ऐन २०६३, र नियमवाली २०६४ बमोजिम बजेट सिमा भित्र रही औषधि खरिद गर्नेछ ।

घ) औषधि खरिद गर्दा चौमासिक खरिद हुने वर्षको ३ पटक खरिद हुनेछ ।

**१६.रेविज तथा अन्य खोप खरिद**

**क**) पशु सेवा शाखाले आवश्यक अनुसार रेविज तथा अन्य रोगको खोप खरिद गर्नेछ ।

ख) ) पशु सेवा शाखाले आवश्यक पर्ने खोप माग फारम भरि खरिद समिति मार्फत पेश गर्नेछ ।

ग)खरिद समितिले स्वीकृत गरे पश्च्यात सर्वार्जनिक खरिद ऐन २०६३, र नियमवाली २०६४ बमोजिम बजेट सिमा भित्र रही खोप खरिद गर्नेछ ।

**१७. पशु सेवा शाखाको लागि फ्रिज खरिद**

पशु सेवालाइ थप प्रभावकारी बनाउन र प्रत्येक वडामा खोप व्यस्थापन गर्नको लागि यस ताप्ली गाउँपालिका पशु सेवा शाखाले प्रचलित खरिद ऐन र नियमवाली बमोजिम फ्रिज खरिद गर्नेछ ।

## परिच्छेद- ९

## प्राविधिक सेवा

### १८.प्राविधिक घुम्ती सेवा

कृषि तथा पशु सेवालाइ थप प्रभावकारी बनाउन र कृषकहरुको घरआगन मै पुगेर फर्म अवलोकन गरि सल्लाह,सुझाव र उपचार गर्नका लागि ताप्ली गाउँपालिका कृषि विकास शाखा र पशु सेवा शाखाले प्राविधिक घुम्ती सेवा संचालन गर्ने छ |

कार्य संचालन प्रक्रिया

(१) प्रत्येक वडामा रहेका कृषि तथा पशु प्राविधिकहरु महिनाको दस(१०) दिन टोलटोल मा पुग्नु पर्नेछ |

(२) साविकको गा.वि.स को प्रत्येक वडाको एक ठाउँलाइ केन्द्रविन्दु बनाइ कृषकहरु संग आमभेला गर्नेछ र समूह गठन गर्नेछ |

(३) कृषकहरुको समस्यालाइ समाधान गरि माइनट उठाउनु पर्नेछ र उक्त माइनट र प्रतिवेदन प्रति महिना शाखामा बुझाउनु पर्नेछ |

(४) माथि उल्लेखित माइनट र प्रतिवेदन बुझाउदा वडाबाट सिफारिस अनिवार्य ल्याउनु पर्नेछ |

(५) कृषकहरुको समस्या तथा गुनासो बुझेर त्यसको समाधान गर्नुपर्ने छ |

(६) यसरी जादा प्राविधिकहरुलाइ एकदिनको रु १,०००(करकट्टी नहुने गरि) भत्ताको व्यवस्था गरिनेछ छ भने अन्य सुबिधा हुने छैन

(७) यस कार्यक्रमको अनुगमन तथा मोनिटरिङ शाखाले गर्नेछ |

## परिच्छेद -१०

## आर्थिक नमर्स

### १९.खोप लगाउने प्राविधिकलाइ प्रारिश्रमिक;

पशुवस्तुलाइ पशुमा लाग्ने विभिन्न रोग विरुद्ध खोप लगाउने प्राविधिक (निजि/सरकारी)लाइ प्रति ठुला पशु रु १०|- र प्रति साना पशु रु ५|-

## २०. तालिम गोष्ठी सेमिनार बैठक आदिको खर्चको नमर्स

| क.स | विवरण | इकाई | बढीमा खर्च सिमा रु |
|---|---|---|---|
| १. | कार्यक्रम सयोंजक | प्रति दिन | १२००\- |
| २. | मुख्य प्रशिक्षक(बाहिरि ) | प्रति कक्षा | २०००\- |
| ३. | सहायक प्रशिक्षक(बाहिरि) | प्रति कक्षा | १५००\- |
| ४. | कार्यपत्र बापत | प्रति कार्यपत्र | १०००\- |
| ५. | खाजा खर्च | प्रति जना | २००\- |
| ६. | खाना खर्च | प्रति जना | ३०० |
| ७. | सहभागी यातयात खर्च | प्रति जना | ५०० |
| ८ | सहयोगी खर्च | प्रति जना | ५०० |
| ९ | बाहिरको प्रशिक्षक(दै.भ्र.भ) | प्रति जना | १६०० |
| १० | बाहिरको प्रशिक्षक यातयात खर्च | बिल अनुसार | नियामानुसार |
| ११ | स्टेसनरी | प्रति व्यक्ति | २०० |
| १२ | ब्यानर | प्रति थान | १५०० |
| १३ | तालिम तथा गोष्ठीमा भत्ता | प्रति जना | १००० |

## २१. फर्म तथा  अनुगमन आदिको खर्चको नमर्स

| क.स | विवरण | इकाई | बढीमा खर्च रु |
|---|---|---|---|
| १. | अनुगमन सयोंजक | प्रति दिन | १००० |
| २. | अनुगमन सदस्य | प्रति दिन | १००० |

## २२. प्राविधिक घुम्ती सेवा

| क.स | विवरण | इकाई | बढीमा खर्च |
|---|---|---|---|
| १. | प्राविधिक भत्ता | प्रतिदिन | १००० |
| २. | अनुगमन खर्च | प्रतिदिन | १००० |

## परिच्छेद-११

### २३. **आर्थिक प्रशासन सेवा**

कार्यक्रमको लेखांकन, कारोवार,लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन,२०५५ आर्थिक कार्यविधि नियमावाली,२०६४ सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजानिक खरिद नियमावली ,२०६४ बमोजिम गरिनेछ |

## परिच्छेद-१२

### २४. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाइ ठो व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कर्याविधिमा थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ |

२.यस कार्यविधिको कार्यान्वनयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा-अवरोध फुकाउने प्रयोजनका लागि गाउँपलिकाले आवश्कता अनुसार व्याख्या गर्न सक्नेछ |

**अनुसूची-१**

**प्रस्ताव आव्हाको सुचना**

प्रथम पटक प्रकाशित मिति....................................

ताप्ली गाउँपालिका पशु सेवा शाखाको आ.व २०७९/.....को स्वीकृत बार्षिक कार्यक्रम मुताविक देहायका कार्यक्रम पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ बमोजिम लागत साझेदारीमा संचालन गर्ने इच्छुक आवेदकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ | साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ |थप जानकारीका लागि

..........................को फोन न ..........................................मा सम्पर्क राख्न सकिनेछ |

| क्र.स | कार्यक्रमको नाम | संख्याँ | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदार |
|---|---|---|---|---|
| | | | | |

प्रस्ताव साथ सम्मेलित हुनुपर्ने कागजातहरु :

१.अनुसूची-२ बमोजिम रु १० को टिकट टाँस गरेको आवेदन |

२.आवेदकको नेपालि नागरिकता प्रमाण-पत्रको प्रतिलिपी |

३.कार्यक्रम कार्यन्वयन प्रक्रियामा तोकिए बमोजिमका अनुसूचीहरु |

४.कार्यक्रम कार्यानवयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि |

५.लिजमा लिएको जग्गाको हकमा करारनामा वा सम्झौता पत्र|

६.प्रचलित कानुन बमिओजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दात्रि तथा नवीकरण र पान भ्याट दर्ताको प्रमाण-पत्र |

७.समूह/समिति/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि |

८.अघिल्लो आ.व को लेखा परिक्षण प्रतिवेदन र कर्चुक्ताको प्रतिलिपि |

९.अनुसूची ४ बमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्धता,अनुसूची ५ बमोजिमको स्वोघोषना र अनुसूची ६ बमोजिमको सिफारिस पत्र |

१०.कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गर्न सकिनेछ |

## अनुसूची-२

रु.१० टिकट

आवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु

ताप्ली गाउँपालिकाको कार्यालय

रुपाटार,उदयपुर

बिषय;प्रस्ताव पेश गरिएको बारे

तहाँ ताप्ली गाउँपालिका पशु सेवा शाखाको मिति ..................को प्रकशित सुचना मुताविक मा निवेदकले लागत साझेदारीमा कार्यक्रम कार्यक्रम संचालन गर्न इच्छुक भै आवश्यक कारवाहीको लागि यो निवेदन पेश गर्दछु |

निवेदक

दस्तखत

मिती

सम्पर्क न

प्रस्तावकको नाम थर :

स्थायी ठेगाना ;

प्रस्तावित कार्यक्रमको नाम ;

कार्क्रम संचालन हुने स्थानको पुरा ठेगाना :

संलग्न कागजातहरुको सुची :

| क्र.स | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

<u>अनुसूची -३</u>

**(१)प्राविधिक  प्रस्ताव**

| क.स | क्रियाकलाप | | | | |
|---|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | | |
| ३ | आवेदकको नाम | | | | |
| ४ | ठेगाना | | | | |
| ५ | आवेदकको सम्पर्क न | | | | |
| ६ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसाय दर्ता न | | | | |
| ७ | दर्ता भएको कार्यालय र मिति | | | | |
| ८ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसाय दर्ता भएको अवधि | | | | |
| ९ | भ्याट/पान दर्ता न | | | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | | | | |
| ११ | प्रस्तावक आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु | | | | |
| १२ | सम्बन्धित कार्यालय कार्यालय संग माग रकम रु | | | | |
| १३ | प्रस्तावित कार्यक्रम को उद्देश्य | | | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विधमान भौतिक पूर्वाधार | | | | |
| १४.१ | सडक सुबिधा छ/छैन | | नजिकको बजारको नाम | | |
| १४.२ | सडक को अवस्था | | बजारसम्मको दुरी | | |
| १४.३ | बिजुलीको सुविधा छ/छैन | | सदरमुकाम देखिको दुरी | | |
| १४.४ | खानेपानीको सुविधा छ/छैन | | जग्गाको स्वामित्व(लिज /आफ्नै) | | |
| | | | | | |
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | | | | |
| १६. | | महिला | दलित | जनजाती | अन्य |

<table>
<tr><td></td><td colspan="2">लक्षित समुदाय अप्रत्यक्ष लाभान्वित हुनेको संख्या</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१७.</td><td colspan="2">प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलाप विवरण</td><td colspan="4"></td></tr>
<tr><td></td><td colspan="2"></td><td colspan="4"></td></tr>
<tr><td></td><td colspan="2"></td><td colspan="4"></td></tr>
<tr><td>१८.</td><td colspan="2">कार्यक्रम समाप्ति पश्चयात अपेक्षित उपलब्धिहरु</td><td colspan="4"></td></tr>
<tr><td></td><td colspan="2"></td><td colspan="4"></td></tr>
<tr><td></td><td colspan="2"></td><td colspan="4"></td></tr>
<tr><td>१९.</td><td colspan="2">प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने</td><td colspan="4"></td></tr>
<tr><td></td><td>सी.न</td><td>सहकार्य गर्ने अन्य निकायको नाम</td><td colspan="4">सहकार्य रकम रु</td></tr>
<tr><td></td><td></td><td></td><td colspan="4"></td></tr>
<tr><td></td><td></td><td></td><td colspan="4"></td></tr>
<tr><td>२०.</td><td colspan="2">प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरु (प्रस्तावित कर्यक्रमसंग मेल खाने)</td><td colspan="4"></td></tr>
<tr><td>२१.</td><td colspan="2">उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु</td><td colspan="4"></td></tr>
<tr><td>२२.</td><td colspan="2">प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने )</td><td colspan="4"></td></tr>
<tr><td>२३.</td><td colspan="2">आवेदक संग विधमान जनशक्ति विवरण</td><td colspan="4"></td></tr>
<tr><td></td><td>सी.न</td><td>जनशक्ति विवरण</td><td colspan="4">दक्षतातालिम/शैक्षिक योग्यता</td></tr>
<tr><td></td><td></td><td></td><td colspan="4"></td></tr>
<tr><td></td><td></td><td></td><td colspan="4"></td></tr>
<tr><td>२४.</td><td colspan="2">प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर</td><td colspan="4"></td></tr>
<tr><td>२५.</td><td colspan="2">वातावरण असर नियुनिकरण अपनाइने उपायहरु</td><td colspan="4"></td></tr>
<tr><td>२६.</td><td colspan="2">प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने रोजगारी संख्या</td><td colspan="4"></td></tr>
</table>

(२) आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क.स | मुख्य क्रियाकलाप | इकाई | परिमाण | प्रति इकाई रु | कुल लागत रु | प्रस्तावकको योगदान | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोर्ने रकम रु | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा रु<br>भ्याट<br>कुल जम्मा | | | | | | | |

माथि उल्लेखित विवरणहरु सबै ठिक साचो छ,झुटो ठहरेमा कानुन बमोजिम सहुँला बुझाउला

संस्थाको जिम्मेवार पदादिकरिको

नाम

पद

हस्ताक्षर

मिति

संस्थाको छाप

नोट; आवेदकको योगदानमा जग्गाको मूल्य र चलुखार्च समावेस गर्न पाइन् छैन |

**अनुसूची-४**

लागत साझेदारको प्रतिवद्दता

ताप्ली गाउँपालिका पशु सेवा शाखाको ..........................मिति .....................को प्रकाशित सुचना अनुसार ताप्ली गाउँपालिका .......न वडा ..........गाउँ/टोल स्थायी ठेगाना भएको श्री ..............................................................ले लागत साझेदारीमा ...........................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु ......को ,.............प्रतिशतले हुन आउने रु.................अक्षेरुपि.............बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्द्ता जाहेर गर्दछु ।

निवेदक

| दाया | बाया |
|---|---|
| | |

दस्तखत ;

नाम

मिति

संस्थाको छाप

## अनुसूची -५
## समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा

ताप्ली गाउँपालिका पशु सेवा शाखाको ..........................मिति .............को सूचना अनुसार ताप्ली गाउँपालिका ....न वडा...........गाउँ/टोल स्थायी ठेगाना भएका श्री.............................ले लागत साझेदारीमा ..............................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि विगत ३ वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकारको मातहातका मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्व-घोषणा गर्दछु |अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद लगायत नियामानुसारका अन्य सजाय भोग्न समेत तयार छु |

**<u>निवेदकको</u>**

| दाया | बाया |
|---|---|
| | |

दस्तखत ;

नाम

मिति

संस्थाको छाप

अनुसूची -६

स्थलगत प्रमाणीकरण मुल्यांकन फारम

क) सामान्य जानकारी

(१) जिल्ला ;

(२) आवेदकको नाम :

(३) स्थायी ठेगाना :

(४) प्रस्तावित कार्यक्रमको नाम :

(५) कार्यक्रम संचालन स्थलको ठेगाना :

(६) स्थलगत प्रमाणीकरण मिति :

ख) आवेदकको मुल्यांकन

| क्र.स | मुल्यांकनका सूचकहरु | अंक | प्राप्तांक |
|---|---|---|---|
| १. | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्यिन स्थलको जग्गा वा भवनको आफ्नै स्वामित्व छ /छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न पर्याप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्द हुनसक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति नपुग्ने अवस्था छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो,पानि बिजुलीको सुविधा छ/छैन | | |

| | | | |
|---|---|---|---|
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| २. | प्राविधिक क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रममा मेल खाने क्रियाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक टेवा प्राप्त हुन सक्ने अवस्था छ /छैन | | |
| २.३ | आवेदक सम्बन्धित बिषयको तालिम अनुभव प्राप्त छ /छैन | | |
| ३ | वित्तीय क्षमता | १५ | |
| ३.१ | आवेदक लागत साझेदार गर्न सक्ने आर्थिक अवस्था छ/छैन | | |
| ३.२ | साझेदारीका लागि बैंक मौजात वा संचालन कारोबार बचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तीय संस्थाबाट ऋण प्राप्त गर्नसक्ने अवस्था छ/छैन | | |
| ४. | अन्य पक्षहरु | ३० | |
| ४.१ | संस्था /व्यक्तिको व्यावसायिक क्रियाशीलता छ/छैन | | |
| ४.२ | दर्ता,नवीकरण,अडीट र करचुक्ता अध्यावधिक छ/छैन | | |
| ४.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुने सक्ने अवस्था छ/छैन | | |
| ४.४ | उत्पादित बस्तुको सहज बजारीकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ५. | स्थलगत टोलीको राय | १० | |
| ५.१ | प्रस्तावमा उल्लेखित कुरा र स्थलगत अवस्था बीच समानता छ/छैन | | |
| ५.२ | आवेदक संग लागत साझेदार गर्न उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोटः उपरोक्तानुसार स्थलगत प्रमाणीकरणका दौरान सकरात्मक अवस्था भेटिए ५ अंक नकारात्मक अवस्था भेटिए ० अंक प्रदान गर्दा कुल ४० अंक प्राप्त गर्न सफल

प्रस्तावहरुको प्रमाणीकरण गरिने छ |कुल अंक ४० भन्दा कम अंक प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मुल्यांकन तथा सिफारीस समितिमा पेश गरिने छैन |

(ग) आवेदकसंग विधमान भवन,सवारी साधन,ठुला मेसिनरी र उपकरणहरुको विवरण

| क.स | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणीकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

(१)

(२)

(३)

(ङ) स्थलगत प्रमाणीकरणगर्ने टोलिहरु

| क.स | स्थलगत पदाधिकारीको नाम | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |

आवेदकको

नाम;

ठेगानाः

दस्तखतः

**अनुसूची-७**

**<u>सम्झौता-पत्र</u>**

**कार्यक्रमको नाम :-**

**आर्थिक वर्ष :-**

ताप्ली गाउँपालिकाको कार्यालयको आ.व. २०७८/८०को स्वीकृत बार्षिक क कार्यक्रम अन्तरगत लागत साझेदारीमा आधारित ............................................ संचालन सम्बन्धि मिति ....................गतेको प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ........................................को प्रस्ताव छनौट भएको हुँदा ताप्ली गाउँपालिका( पशु सेवा शाखा )(यस पछी प्रथम पक्ष भनिने) र ..........................(यस पछि दोश्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरि ......................... ब्यबसायिक कृषि कार्यक्रम संचालनका लागि द्वी-पक्षिय सम्झौता गरि एक –एक प्रति बुझिलियौं / दियौं ।

**<u>शर्तहरु</u> :-**

१. यो सम्झौता, सम्झौता भएको मिति देखि लागु हुनेछ ।

२. प्रथम पक्षले लागत साझेदारीमा ...............................कार्यक्रम संचालनका लागि विन्योजित रु............................बराबरको रकम प्रदान गरिनेछ ।

३. दोश्रो पक्षले सम्झौता भएको मितिले ७ दिनभित्र कार्य सुरु गरि २देखि ३ महिना सम्म कार्य सम्पनगर्नु पर्ने छ ।

४. दोश्रो पक्षले बाँकी रकमको ब्यबस्था गरि यस ताप्ली गाउँपालिकाको .नं. वडाको ... भन्ने स्थानमा ......सम्ममा कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।

| क.स | कार्य | अपेक्षित अनुदान | निजि लगानी | जम्मा रकम |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

५. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिक सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नुपर्ने छ । दोश्रो पक्षले सो कार्य आफुले नगरी अन्य कोहि व्यक्ति वा संस्थालाई ठेक्का पट्टा दिई गरउन पाउने छैन ।

६. कार्यक्रम संचालनका लागि आवस्यक निर्माण सम्बन्धि आवश्यक डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिंग बील, अन्य बील र कार्य सम्पन्न प्रतिबेदन लगायतका सबै प्राबिधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्थापन आदि दोश्रो पक्ष आफैंले गर्नुपर्नेछ ।

७. दोश्रो पक्षले शुरुमा आफ्नी तर्फको लगनिबाट सम्पन्न भएको कामको नियमानुसार बील, दाखिला प्रतिबेदन, कार्यसमपन्न प्रतिबेदन र आवस्यक अन्य कागजात सहित भुक्तानिका लागि प्रथम पक्ष समक्ष निबेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिबेदनका आधारमा मनासिब ठहरे दोश्रो पक्षलाई प्रथम पक्षले किस्ताबन्दीमा रकम भुक्तानी दिनेछ |

८. प्रथम पक्षले कुनै पनि बखात संचालित्र कार्यको अनुगमन/ निरीक्षण गरि सम्झौता मुताबिक कार्य भए/ नभएको हेर्न र आवस्यक सल्लाह सुझाब दिन सक्नेछ |

९. दोश्रो पक्षले कार्य संचालन स्थानमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी संस्थाको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरि राखु पर्नेछ |

१०. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्यशीत रुपमा श्रीजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ |

११. दोश्रो पक्षले नियमित रुपमा( कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धि एबं करोबाए सम्बन्धि विवरणहरु सम्बन्धित कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ |

१२. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ |

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको सहमति अनुसार हुनेछा |

१४. सम्झौता अनुरुप काम नगर्ने पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ | सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोश्रो पक्षबाट १०% जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ |

| **दोश्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

**रोहवरः**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

आज्ञाले

भक्त बहादुर राइ

प्रमुख प्रशासकीय अधिकृत